प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम नेपाल

# प्रदेश स्तरिय स्वास्थ्य समन्वय समिति
# कार्य विवरण (TOR)

## १. परिचय

नेपालको संविधानले आमनागरिकहरुको आधारभुत स्वास्थ्य सेवाहरुमा निःशुल्क पहुँच लाई मौलिक हकको रुपमा ग्यारेन्टी गरेको छ र आपतकालिन अवस्थामा कसैलाई पनि स्वास्थ्य सेवा लिनबाट वञ्चित नगरिनेकुरा सुनिश्चित गरिएको छ । जनस्वास्थ्य स्वास्थ्य ऐन २०७५ लगायत स्वास्थ्य सम्बन्धी अन्य ऐनहरुले गुणस्तरीय स्वास्थ्य सेवाहरुमा आम नागरिको न्यायोचित पहुँचलाई प्रत्याभूत गरेको छ । सम्पूर्ण आम नागरिकको गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्नु (विशेष गरी पछाडि परेका र सिमान्तकृत समुदायहरुलाई) तीनवटै सरकारको साझा जिम्मेवारी हो । सार्वजनिक निजी साझेदारी नीतिलाई अंगिकार गरि बिभिन्न बहुपक्षीय, द्विपक्षीय, अन्तर्राष्ट्रिय र गैरसरकारी संस्थाहरूले यस प्रदेशका सम्पूर्ण नागरिकको स्वास्थ्य स्थिति सुधार गर्ने प्रदेश सरकारको उद्देश्य तथा लक्ष्यहरु प्राप्त गर्न सहयोग गरिरहेका छन् । यसै गरि प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले स्वास्थ्य सम्बन्धी लिएका लक्ष्यहरु समयमै प्राप्त गर्न बाह्य विकास साझेदार (EDP) र निजी क्षेत्र संगको समन्वय तथा सहकार्य आवश्यक छ । स्वास्थ्य क्षेत्रमा कार्यरत बिभिन्न निकायहरु बीच समन्वय तथा सहकार्य बढाउन तथा श्रोत साधनहरुको दोहोरोपनलाई न्यूनिकरण गर्न प्रदेश स्तरिय स्वास्थ्य समन्वय समितिको आवश्यक छ । यस समन्वय समितिले सामाजिक विकास मन्त्रालय, स्वास्थ्य महाशाखा र स्वास्थ्य निर्देशनालयहरूलाई स्वास्थ्य सम्बन्धिका प्राथमिकताहरू तय गर्न र सहयोगी निकायहरुको विशेषज्ञता र स्रोतहरूको उचितम उपयोग गर्न मद्दत गर्नेछ । अतः सामाजिक विकास मन्त्रालय तथा स्वास्थ्य निर्देशनालयसंग यस प्रदेशमा कार्यरत बिभिन्न सरोकारवालाहरु बीच समन्वय र सहकार्यलाई सहजीकरण गर्न यस स्वास्थ्य समन्वय समितिको स्थापना गरिएको हो ।

## २. स्वास्थ्य समन्वय समिति गठनको औचित्य

प्रदेश स्वास्थ्य समन्वय समिति सामाजिक विकास मन्त्रालय, स्वास्थ्य महाशाखा तथा स्वास्थ्य निर्देशनालय र विकास साझेदारहरूको लागि निम्न बमोजिमका कार्यकालागि उपयोगी हुनेछ ।

- संघिय मन्त्रालय र स्थनिय निकायहरुसंगको समन्वयमा नेपाल स्वास्थ्य क्षेत्र रणनीति तथा दिगो विकास लक्षहरु हाँसिल गर्न संघिय र प्रदेश सरकारले तय गरेका नीति तथा रणनीतिहरुको प्रभावकारी

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश नं. २ जनकपुरधाम धनुषा

कार्यान्यवन गर्न सामाजिक विकास मन्त्रालय र सहयोगी निकायहरुबीच समन्वय तथा सहकार्य गर्न प्राविधिक सहयोग गर्न ।

- स्वास्थ्य क्षेत्रमा कार्यरत बिभिन्न सरोकारवाला निकायहरुबीच समन्वय गरि स्वास्थ्य क्षेत्रलाई सुदृढ गर्न
- स्वास्थ्य क्षेत्रका लागि उपलब्ध श्रोत साधनहरुको प्रभावकारी प्रयोग गर्न र एकाङ्की तथा समन्वय नगरि हठात्मा गरिने क्रियाकलापहरुलाई निरुत्साहित गरि श्रोत साधनको दाहोरोपनलाई न्युनिकरण गर्ने ।
- पारस्परिक उत्तरदायित्व वहन गर्न र स्वास्थ्य क्षेत्रको सुशासन तथा असल नेतृत्व प्रवर्धन गर्न
- स्वास्थ्य क्षेत्रको संयुक्त अनुगमन गर्ने पद्दतिको विकास गर्न र सबै सरोकारवाला निकायहरु बीच अनुभव, सिकाईहरु, नविनतम सोचहरु, उपलब्धीहरु तथा सुधारका आयमहरुको आदानप्रदान गर्ने साझा मञ्चकोरुपमा काम गर्न ।
- प्रदेश स्तरमा स्वास्थ्य क्षेत्रका प्राथमिकताहरुबारे साझा अवधारण तय गर्न, योजना निर्माण गर्न तथा कार्यान्वियन गर्न ।

३. प्रदेश स्वास्थ्य समन्वय समितिको उद्देश्यहरु

प्रदेश स्तरिय स्वास्थ्य समन्वय समिति गठनगर्नुको मुख्य उद्देश्य यस प्रदेशमा कार्यरत (सरकारी, निजी, गैर-सरकारी, दातृनिकाय र बाह्य विकास साझेदार) सरोकारवालाहरुबीच समन्वय गरि सो निकायहरुबाट संचालित कार्यक्रमहरु वा परियोजनाहरु माझ सहकार्य गरि उपलब्ध श्रोत साधनहरुको उचितम प्रयोग गर्न तथा स्वास्थ्य क्षेत्रका नतिजाहरु प्राप्त गर्न आवश्यक नीति, रणनीतिहरु, कार्यक्रमहरु तय गर्न तथा प्रभावकारी कार्यान्वियनकालागि अनुगमन गर्नु हो ।

४. समन्वय तथा सहकार्यका प्रमुख क्षेत्रहरु

- स्वास्थ्य क्षेत्रको नेतृत्व र प्रशासन
- आधारभूत तथा आवश्यक स्वास्थ्य सेवाहरु
- मानव संसाधन व्यवस्थापन तथा क्षमता अभिवृद्धि
- स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली
- चिकित्सा र चिकित्सा प्रविधि व्यवस्थापन

- स्वास्थ्य प्रवर्धन र सामाजिक व्यवहार परिवर्तन संचार
- महामारी तथा प्रकोप व्यवस्थापन
- स्वस्थ्य क्षेत्रमा लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण
- संयुक्त अनुगमन तथा स्वास्थ्य कार्यक्रमहरुको समिक्षा

## ५. प्रदेश स्वास्थ्य समन्वय समितिको संगठनात्मक संरचना

प्रदेश स्वास्थ्य निर्देशकको संयोजकत्वमा यस समितिको संगठनात्मक ढाँचा देहाय बमोजिका सदस्यहरु रहने गरि हुने छ। आवश्यकता अनुसार सदस्यहरुको संख्या परिवर्तन हुनसक्ने छ।

| सि.नं. | पद | संस्था |
|---|---|---|
| १ | संयोजक | निर्देशक, प्रदेश स्वास्थ्य निर्देशनालय |
| २ | सह-संयोजक | प्रमुख / प्रतिनिधि, स्वास्थ्य महाशाखा, सामाजिक विकास मन्त्रालय |
| ३ | सदस्य सचिव | प्रादेशिक स्वास्थ्य अधिकृत - विश्व स्वास्थ्य संगठन ( WHO) |
| ४ | सदस्य | मेडिकल सुपरिटेन्डेन्ट, प्रादेशिक अस्पताल जनकपुर |
| ५ | सदस्य | प्रतिनिधि, युनिसेफ |
| ६ | सदस्य | प्रतिनिधि, युएनएफपिए |
| ७ | सदस्य | प्रतिनिधि, विश्व खाध्यकार्यक्रम (WFP) |
| ८ | सदस्य | प्रतिनिधि, अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आई ओ एम) |
| ९ | सदस्य | प्रतिनिधि, WHH |
| १० | सदस्य | प्रतिनिधि, सेभ द चिल्ड्रेन |
| ११ | सदस्य | प्रतिनिधि, पि एस आई नेपाल |
| १२ | सदस्य | प्रतिनिधि, CROWN Agent |
| १३ | सदस्य | प्रतिनिधि, NHSSP |
| १४ | सदस्य | प्रतिनिधि, NFCC |
| १५ | सदस्य | प्रतिनिधि, ADRA Nepal |
| १६ | सदस्य | प्रतिनिधि, नेपाल परिवार नियोजन संघ |
| १७ | सदस्य | प्रतिनिधि, GHSC-PSM/USAID |
| १८ | सदस्य | प्रतिनिधि, AASMAN Nepal |
| १९ | सदस्य | प्रतिनिधि, मेडिकल कलेज |
| २० | सदस्य | प्रतिनिधि, नर्सिङ्ग तथा पारामेडिकल कलेज |

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनुषा

मुलतः यस प्रदेशमा स्वास्थ्य क्षेत्रमा कार्यरत (सरकारी, निजी, गैर-सरकारी, दातृनिकाय र बाह्य विकास साझेदार) निकायहरु यस समन्वय समितिका सदस्यहरु हुनेछन्, तर विकास साझेदार निकायहरुले संस्थागत विवरण सदस्य सचिवलाई बुझाउनु पर्ने छ । समय समयमा सदस्यहरुको विवरण अध्यावधिक गरिने छ ।

**६. प्रदेश स्वास्थ्य समन्वय समितिको काम कर्तव्यहरु**

स्वास्थ्य क्षेत्रमा कार्यरत सम्पूर्ण निकायहरुबीच समन्वय स्थापित गर्नु नै यस समितिको प्रमुख जिम्मेवारी रहने छ र साथै प्रदेश सरकारले स्वास्थ्य क्षेत्रमा लिएका आकांक्षाहरु परिपूर्तिगर्न रणनैतिक किसिमले सहजिकरण गर्ने । समितिको विशिष्ट भूमिका र जिम्मेवारी निम्न बमोजिम हुनेछन् ।

- स्वास्थ्य क्षेत्रमा कार्यरत सम्पूर्ण निकायहरुका कार्यक्रहरु तथा श्रोतहरुबीच समन्वय (अनुगमन सहित) गर्ने प्रमुख निकायको रुपमा काम गर्ने ।
- संघिय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र सामाजिक विकास मन्त्रालयले तय गरेका नतिजाहरु हासिल गर्न कार्यक्रमहरु तथा श्रोतहरुबीच रणनैतिक समन्वय गर्ने ।
- प्रदेश स्वास्थ्य क्षेत्र नीति, रणनीति र आवधिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि संयुक्त रूपमा कार्य गर्ने
- स्वास्थ्य क्षेत्रमा कार्यरत सम्पूर्ण निकायहरुको कार्य क्षेत्रको नक्साङ्कन गर्ने र कार्यक्रहरु तथा संस्थागत विवरण नियमित रुपमा अध्यावधिक गर्ने ।
- संघिय तथा प्रदेश सरकारले तय गरेका स्वास्थ्य कार्यक्रहरुको प्रभावकारी कार्यान्वयन तथा कभरेज बढाउनको लागि सहजिकरण गर्ने ।
- कार्यक्रम र परियोजनाहरूको संयुक्त योजना तर्जुमा, अनुगमन तथा सुपरिवेक्षण र समीक्षालाई सुदृढ गर्ने (उदाहरणका लागि स्थानीय र प्रदेश तहको संयुक्त वार्षिक स्वास्थ्य कार्यक्रहरुको समीक्षा बैठक आयोजना गर्न सहजिकरण गर्ने) ।
- उपलब्ध स्रोतहरूको दोहोरोपन लाई न्यूनिकरण गरी र श्रोतहरुको समन्वयात्मक उपयोगकालागि सुझावहरु उपलब्ध गराउने ।
- प्रदेश स्तरिय र्‍यापिड रेस्पोन्स समिति (RRT) को आवश्यकता अनुसार संसाधनहरू उपलब्ध गराउन, समन्वय गर्न तथा सहकार्यगर्न सहयोग गर्ने ।
- आपतकालिन स्वास्थ्य स्थितिको समयमा उचित सञ्चार स्थापना गर्न सहयोग गर्ने ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
जनकपुरधाम, धनुषा

- स्वास्थ्य क्षेत्रका अध्ययन र अनुसन्धानलाई प्रवर्धन गरि नयाँ दृष्टिकोण वा प्राविधिक नविनताहरु अन्वेषण तथा अध्यावधिक गर्न सहयोग गर्ने ।
- सम्बन्धित विषयगत क्षेत्रमा थप समन्वय र सहकार्य लागि प्राविधिक विषयवस्तुहरूको प्रभावकारी कार्यान्वयनको लागि बिभिन्न उप-समूह / कार्य समूहको गठन (जस्तै गुणस्तर सुधार समूह, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य कार्यसमुह, सुशासन तथा जवाफदेहिता समुह) ।
- विषेशत: प्रदेश सरकार र विकास साझेदारहरु बीच प्रभावकारी संचार स्थापना गर्न सहयोग गर्ने तर आवश्यकता अनुसार संघीय र स्थानीय स्तरमा पनि संचार तथा संवाद गर्न सहयोग गर्ने ।
- यस समितिलाई आवश्यक लागेको र समितिले निर्णय गरेअनुसारका क्रियाकलापहरु समन्वय तथा संचालन गर्ने ।

**७. प्रदेश स्वास्थ्य समन्वय समितिको अनुमोदन**

यस समितिको प्रभावकारी कार्यान्वयनका लागि सामाजिक विकास मन्त्रालयले समितिको कार्यविवरण अनुमोदन गर्ने छ ।

**८.संचालन प्रक्रिया र सचिवालय**

- यस समितिको निमित बैठक प्रत्येक तीन (३) महिनामा बस्ने छ र आवश्यकता अनुसार अतिरिक्त बैठकहरु जुनसुकै बेला बस्न सक्ने छ ।
- बैठककालागि सदस्य सचिवले औपचारिक निमन्त्रणा पठनउने छन्, सो निमन्त्रणा बैठक बस्ने मितिको कम्तिमा २ दिन अगाडी पठाउने पर्ने छ ।
- समय समयमा समितिको संरचनाको पुनरावलोक गर्ने र आवश्यकता अनुसार सदस्यहरुको नामावली अध्यावधिक गरिने छ ।
- बैठकको आयोजना विभिन्न संघसंस्थाहरुले पालैपालो गर्न सक्नेछन् ।
- बैठकका निर्णयहरु प्रत्येक सदस्य संस्थामा पठाउनुपर्ने छ ।
- बैठकका निर्णयहरु कार्यान्वयन भए नभएको समितिको आगामी बैठकमा अनुगमन गरिने छ ।
- आवश्यकता अनुसार प्राविधिक कार्य समितिहरु (Technical working Groups) को गठन गर्न सकिने छ ।
- प्रदेश स्वास्थ्य निर्देशनालयले यस समितिको सचिवालयको जिम्मेवारी वहन गर्ने छ ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम धनुषा